नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
चैत्र/वैशाख २०७३/२०७४ (April 2017) वर्ष २१/अङ्क २४१

## गूड फ्राइडे र ईस्टरको वास्तविकता

- एल्डर सिमोन पाठक

एकाइसौं शताब्दी अघि इस्राएलको बेथलेहेममा एकजना यस्तो व्यक्तिको जन्म भएको थियो, जो आज पनि जीवित हुनुहुन्छ-प्रभु येशू खीष्ट । विश्वका इसाईहरूले येशू जन्मनुभएको दिनलाई खीष्टमस, मृत्युको दिनलाई गूड फ्राइडे र मृत्युबाट जीवित भई उठनुभएको दिनलाई ईस्टरको रूपमा उत्सव मनाउँछन् । कुनै पनि व्यक्तिको जन्मेको दिनलाई खुशीयालीको रूपमा मनाउनु त स्वाभाविकै हो, तर मृत्युको दिन कहिल्यै पनि खुशीको दिन हुन सक्दैन । येशू खीष्टको मृत्युको दिन भने सारा मानवको लागि असल शुक्रबार अर्थात् गूड फ्राइडे बन्न पुगेको छ ।

### असल शुक्रबार अर्थात् गूड फ्राइडे

येशू खीष्टको मृत्युको दिनलाई गूड फ्राइडेको रूपमा मनाइन्छ किनकि उहाँ क्रूसमा टाँगिनुभएर आफ्नो शरीरबाट जुन रगत बगाउनुभयो, त्योचाहिँ संसारका सबै मानिसको पाप धुनको निम्ति पूर्ण बलिदान थियो । मानिसहरूको अन्तर चेतनामा पाप मोचनको लागि रगतको आवश्यकता पर्छ भन्ने कुराको गहिरो छाप लागेको छ । तर रगत बगाउने त्यो थुमा खोई त ? मानिसको पाप धुनलाई रगत बगाइनुपर्छ भन्ने कुरालाई बाइबल धर्मशास्त्रमा स्पष्टसँग बताइएको छ-"रगत नबगाइकन पापमोचन हुँदैन" (हिब्रू ९:२२)। "तर साँढेहरू र बोकाहरूको रगतले पाप हरण गर्न असम्भव छ" (हिब्रू १०:४) ।

रगत नबगाइकन पापमोचन हुन नसक्ने हुनाले रगतको आवश्यकता पर्‍यो । तर पशुपंक्षीको रगत पनि होइन, त्यसो भए कसको रगत बगाउने ? मानिस सबै पापी छन् । एउटा पापी मानिसले अर्को पापी मानिसको सट्टामा रगत बगाएर बचाउन सक्दैन । संसारका मानिसको पाप धुनलाई निष्कलंक पवित्र थुमाको आवश्यकता थियो। तर त्यो थुमा यस संसारमा नभएको कारणले एक्काइसौं शताब्दी अघि परमेश्वर पिताले पुत्र येशू खीष्टलाई यस संसारमा पठाइदिने प्रतिज्ञा हजारौं वर्ष अघिदेखि अगमवक्ताहरूद्वारा गर्नुभयो र समयको पूर्णतामा एक्काइसौं शताब्दी अघि येशू यस संसारमा कन्ये मरियमको कोखमा पवित्र आत्माद्वारा गर्भधारण हुनुभयो र बालकको रूपमा यस संसारमा जन्मनुभयो ।

येशूको जन्म जसरी र जहाँ हुन्छ भनिएको थियो त्यसरीनै र त्यही ठाउँमा भएको थियो । उहाँ साधारण मानिस जस्तै नै हुर्कनुभयो र तीस वर्षको उमेर पुगेपछि उहाँ जुन उद्देश्यको लागि पृथ्वीमा मानिस बनेर आउनुभएको थियो, त्यहीअनुसारनै उहाँले परमेश्वरको राज्यको प्रचार गर्न शुरू गर्नुभयो । दृष्टिविहीनहरूलाई देख्न सक्ने, हिँड्न नसक्नेहरूलाई हिँड्न सक्ने, बहिराहरूलाई सुन्न सक्ने, भूत लागेकाहरूलाई छुट्कारा, रोगले थलिएकाहरूलाई चंगाई र मरेकाहरूलाई जीवित पार्ने काम गर्नुका साथै परमेश्वरको राज्यको विषयमा मानिसहरूलाई शिक्षा, उपदेश दिने काम गर्नुभयो ।

उहाँको उपदेश र उहाँले गर्नुभएका आश्चर्यकर्मका कामहरू देखेर हजारौं मानिसहरू उहाँको पछि लागेका देख्दा त्यस देशका यहूदी धर्मगुरुहरू भयभीत हुन पुगे र उहाँलाई मार्नलाई रणनीतिहरू रच्न थाले । उहाँलाई राजद्रोहको आरोप लगाएर अदालतमा सुम्पियो । तर अदालतका बडा हाकिम पिलातसले उहाँमा कुनै पनि दोष भेट्टाउन सकेनन् (यूहन्ना १८:३८,१९:६) । तर मानिसहरूको डरको कारण पिलातसले येशूलाई भीडको हातमा नै सुम्पिदिए (यूहन्ना १९:१६) । उहाँलाई मानिसहरूले अनेक किसिमको यातना दिँदै अन्तमा काठको क्रूसमा हात र खुट्टाहरूमा काँटी ठोकेर झुण्ड्याए । उहाँको शरीरबाट रगतका धाराहरू बग्यो जुनचाहिँ बाइबल धर्मशास्त्रमा गरिएको भविष्यवाणी अनुरूप हुनुनै पर्ने थियो। मानवको पाप धुनलाई रगतको आवश्यकता थियो, त्यो रगत येशू खीष्टले कलवरी डाँडाको क्रूसमा बगाइदिनुभयो । हामीले पाउनुपर्ने दण्ड उहाँले भोगिदिनुभएको कारणले गर्दानै येशूको मृत्युको दिनचाहिँ सारा मानव जातिको लागि असल शुक्रबार अर्थात् गूड फ्राइडे बन्न पुगेको हो ।

### येशू मर्नुभएको तेस्रो दिनमा जीवित भई उठ्नुभयो:

येशू क्रूसमा मर्नुअगाडि धर्मगुरुहरूलाई जवाफ दिने क्रममा भन्नुभएको थियो, "यस मन्दिरलाई भत्काइदेओ, र म तीन दिनमा यसलाई खडा गर्नेछु" (यूहन्ना २:१९) । येशूले आफ्नै शरीरको विषयमा कुरा गरिराख्नुभएको थियो । उहाँलाई मानिसहरूले मार्नेछन् तर तेस्रो दिनमा फेरि बौरी उठ्नुहुनेछ भन्ने कुरा येशूलाई पहिला नै थाहा थियो । बाइबल धर्मशास्त्रको पुरानो करार र नयाँ करार दुवै खण्डमा येशू मर्नुहुनेछ र फेरि जीवित हुनुहुनेछ भन्ने कुरा उल्लेख गरिएको पाउँदछौं । उहाँले भन्नुभएझैं तेस्रो दिनको बिहानै उहाँ जीवित भई उठ्नुभयो । येशू, मरियम मग्दलिनी, सिमोन पत्रुस र बाह्रै चेलाहरूकहाँ पटक पटक गरेर देखा पर्नुभयो (यूहन्ना २०:१-२९, मत्ती २८:९-१०, मर्कूस १६:९-१८, लूका २४:३६-४९) । मृत्युबाट जीवित भई उठ्नुभएको चालीस दिनसम्म चेलाहरूको बीचमा साथै मानिसहरूको बीचमा उहाँ देखा पर्नुभयो र स्वर्ग राज्यको शिक्षा मानिसहरूलाई दिनुभयो र चालीसौं दिनमा यरूशलेमको नजीकैको जैतून भन्ने डाँडामा मानिसहरूको भीडलाई उपदेश दिँदा दिँदै येशू स्वर्गमा उचालिनुभयो । येशू स्वर्गतर्फ जानुभएको दृष्यलाई ट्वाल्ल परेर हेरिरहने गालीलका मानिसहरूकहाँ दुई स्वर्गदूतहरू देखा परेर भन्न लागे, "गालीलका मानिस हो, तिमीहरू किन आकाशतिर हेर्दै उभिरहेका छौ ? यही येशू, जो तिमीहरूबाट स्वर्गमा लगिनुभयो, अहिले जसरी तिमीहरूले उहाँलाई स्वर्गमा जानुभएको देख्यौ, त्यसरी नै उहाँ फेरि आउनुहुनेछ ।"

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| चैत्र २६ April 8 | पाष्टर रोबर्ट कार्थक पाष्टर सामुएल कार्थक | श्री सरुषमान तामाङ्ग | पाष्टर अशोक मुखिया | पाष्टर रोल्याण्ड रोंगोंग | पाष्टर दफ्तन सादा | एल्डर घन श्याम दाहाल | एल्डर सिमोन खालिङ |
| वैशाख २ April 15 | श्री लेखनाथ पौडेल | श्री सिद्धि खालिङ | श्री रमेश लामा | एल्डर गोपाल शर्मा | श्री सुक राम तामाङ्ग | एल्डर सिमोन खालिङ | पाष्टर रोल्याण्ड रोंगोंग |
| वैशाख ९ April 22 | पाष्टर बर्णबास श्रेष्ठ | डीकन हरि थापा | एल्डर अर्जुन ढकाल | पाष्टर रोबर्ट कार्थक | एल्डर सिमोन भण्डारी | एल्डर सीता गुरूङ्ग | एल्डर गोपाल शर्मा |
| वैशाख १६ April 29 | एल्डर सिमोन पाठक | एल्डर मान बहादुर मगर | एल्डर पूर्ण सुनुवार | पाष्टर राजेन्द्र रोंगोंग | एल्डर रूबेन श्रेष्ठ | एल्डर गोपाल शर्मा | एल्डर ग्रेस खालिङ |
| वैशाख २३ April 6 | पाष्टर सामुएल कार्थक पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा ज्ञानेश्वर चर्च | संयुक्त सेवा ज्ञानेश्वर चर्च | एल्डर सिमोन खालिङ | एल्डर श्रीलक्ष्मी सैंजु | पाष्टर बि.बि. खवास | पाष्टर राजेन्द्र रोंगोंग |

उहाँमा विश्वास गर्नेहरूलाई लिन आउनुहुने दिन संसारको अन्त्य हुनेछ । बाइबलमा गरिएको यो भविष्यवाणी एकदिन पूरा हुनेनै छ तर त्यो दिन आउनुअघि संसारका सबै मानिसले येशू ख्रीष्टले मानव जातिको लागि गर्नुभएको महान बलिदानको शुभखबर सबै मानिसहरूले सुनेको हुनुपर्दछ । त्यही कारणनै संसारभरिका ख्रीष्टियानहरूले येशूको जन्म, मृत्यु र उहाँ जीवित हुनुभएको सन्देश "सित्तैंमा पायौ र सित्तैंमा देऊ" भन्ने येशूको आज्ञाअनुसार गरिराखेका छन् । यो धर्म प्रचार नभएर जीवन प्रचार हो ।

येशू ख्रीष्टको पुनरुत्थानको विषयलाई लिएर कति मानिसहरू तर्क वितर्क गर्ने गर्दछन् । तर बाइबलमा येशूको मृत्यु र जीवित भई उठ्नभएको सम्बन्धमा प्रशस्त प्रमाणहरू छन्- सिपाहीहरूले येशूको कोखामा भालाले घोचे र तुरून्तै रगत र पानी निस्क्यो र उनीहरूले उहाँको मृत्यु अघिनै भइसकेको प्रमाणित गरे (यूहन्ना १९:३३-३७) । चेलाहरूले येशूको चिहानमा सूती कपडाहरू पडिरहेको भेट्टाए (यूहन्ना २०:५-७) । येशू जीवित भई उठ्नुभएपछि चेलाहरूले आफ्नो हातले नै उहाँको शरीरलाई छोएका थिए (यूहन्ना २०:२०, लूका २४:२९) । येशू जीवित भई उठ्नुभएको आफ्नै आँखाले देखेको कारणनै चेलाहरू साहसका साथ येशूको नाउँ प्रचार गर्न निस्केका थिए (प्रेरित ४:१०) । विशेष् गरी तीनवटा कुराहरूले येशूको जीवित भई उठ्नुभएको कुरालाई प्रमाणित गर्दछ :

क. **आँखाको साक्षी:** मर्कूस १६:९, १२-१३, यूहन्ना २०:११-१८, लूका २४:३०-३५)

ख. **रित्तो चिहान:** मर्कूस १५:४०-१६, १८, लूका २४ अध्याय र यूहन्ना १९, २१ अध्यायहरू

ग. **मण्डलीको जन्म:** प्रेरित २:३७-४७, १७:६ ।

सबै कुराहरूको निचोडचाहिँ यही नै हो, येशूले मृत्युमाथि विजय प्राप्त गर्नुभएको छ । येशू क्रूसमा मारिनुभएको तेस्रो दिन मरेकोबाट फेरि जीवित हुनुभएको स्मरण गर्दै विश्वभरिका ख्रीष्टियानहरूले मनाउने महान् पर्व नै ईस्टर हो । ईस्टरले मानव जातिलाई दिने संदेश पनि मृत्युमाथि विजय प्राप्त गरेर प्रत्येक मानिसले येशू ख्रीष्टमा अनन्त जीवन प्राप्त गर्न सक्छन् भन्ने नै हो । येशूले भन्नुभयो, "पुनरुत्थान र जीवन म नै हुँ । मलाई विश्वास गर्ने मर्‍यो भने पनि जीवित हुनेछ" (यूहन्ना ११:२५) । येशूको जन्म, मृत्यु र बौरी उठाइको सम्बन्धमा हजारौं वर्ष अघिदेखि गरिएको भविष्यवाणी आज भन्दा दुई हजार वर्षअगाडि एउटा पनि बिन्दु तल माथि नभई सबै कुरा येशूमा पूरा भएजस्तै येशू फेरि एकदिन उहाँमा विश्वास गर्नेहरूलाई बादलको सवारीमा लिन आउनुहुनेछ भन्ने भविष्यवाणी पनि सत् प्रतिशत पूरा हुनेछ । येशूको दोस्रो आगमन र संसारको अन्त्य हुनेछ भन्ने बाइबलको भविष्यवाणीलाई प्रश्न गर्ने कुनै ठाउँनै छैन तर आज प्रश्नचाहिँ यो छ, के हामी मृत्युबाट जीवित भई उठ्नुभएको प्रभु येशूसँगै मृत्युपछि स्वर्ग जानलाई तयार छौं ? गुड फ्राइडे र ईस्टरले ल्याएको रमाहटमा हामी रमाउन सकेका छौं ? उहाँ आउनुहुँदा हाम्रा आँखाबाट उहाँलाई स्वागत गर्दै हर्षका आँसु बग्नेछन् या त विछोडमा परेर बिलौनाका आँसु खस्नेछन् ? सोच्ने र निर्णय गर्ने समय अहिलेनै हो । भोलि ढिलो हुन सक्छ !

## विशेष् प्रार्थना

गुड फ्राइडे र ईस्टरको समयमा सारा संसारभरि हुने सेवा संगतिको लागि साथै विभिन्न माध्यमद्वारा प्रचारिएको सु-संदेशद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउ सकून् भनी प्रार्थना गरिदिऔं ।

देशको वर्तमान परिस्थितिको समयमा उच्च ओहोदामा हुनुभएकाहरूको मेलमिलाप, एकता, एकआपसबीच समझदारी र दीगो शान्तिको लागि प्रार्थना गरिदिऔं ।

वैशाख ३१ गतेदेखि हुन गइरहेको चुनाव शान्तिपूर्ण हुन सकून् ।

एस.एल.सी. (एस.इ.ई.) परीक्षा दिएका विद्यार्थीहरूको लागि प्रार्थना गरिदिऔं ।

## अप्रिल महिनाको कार्यक्रम

चैत्र २३ गते/अप्रिल ५ तारिख बुधबार बिहान १०:०० बजे **नेइम बाल संगतिका शिक्षक शिक्षिकाहरूको रीट्रिट** जोरपाटी मण्डलीमा

वैशाख १ गते/अप्रिल १४ शुक्रबार बेलुकी ५:३० बजे **गुड फ्राइडे सेवा** आ आफ्नो मण्डलीमा

वैशाख १ गते/अप्रिल १४ शुक्रबार बिहान १०:०० बजे **महिला उपवास प्रार्थना** आ आफ्नो मण्डलीमा

वैशाख ३ गते/अप्रिल १६ आइतबार बिहान ६:०० बजे (EASTER) **सूर्योदय सेवा** आ आफ्नो मण्डलीमा

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | साँखु | गोंगबूँ | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|
| चैत्र २६<br>April 8 | एल्डर<br>गोपी राई | एल्डर<br>जमान घ्लान | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>सागर थापा | पाष्टर<br>रोबर्ट कार्थक | संयुक्त सेवा<br>गोंगबूँ चर्च | श्री<br>चन्द्र मोक्तान |
| वैशाख २<br>April 15 | पाष्टर<br>रोबर्ट कार्थक | संयुक्त सेवा जोरपाटी चर्च | | | | एल्डर<br>पिटर लिम्बू | श्री<br>डा. विनोद अर्याल | एल्डर<br>राजु श्रेष्ठ |
| वैशाख ९<br>April 22 | एल्डर<br>गोपी राई | एल्डर<br>जमान घ्लान | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>सागर थापा | पाष्टर<br>रेशम राज पौडेल | एल्डर<br>पिटर लिम्बू | एल्डर<br>जोरविर राई |
| वैशाख १६<br>April 29 | एल्डर<br>गोपी राई | एल्डर<br>जमान घ्लान | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>सागर थापा | पाष्टर<br>सर्मण विबर्ग | पाष्टर<br>रोन | डीकनेस्<br>निर्मला ढुङ्गेल |
| वैशाख २३<br>April 6 | एल्डर<br>गोपी राई | एल्डर<br>जमान घ्लान | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>सागर थापा | श्री<br>जय सिंह | एल्डर<br>पिटर लिम्बू | संयुक्त सेवा<br>धापासी चर्च |

## हार्दिक बधाई



फागुन २२ गते/मार्च ५ तारिख आइतबार नेइम ज्ञानेश्वर मण्डलीकी सदस्य सुश्री **चिनी माया गुरूङ्ग** र नेइम जोरपाटी मण्डलीको सदस्य श्री **लाक्पा लामा**को नेइम ज्ञानेश्वर मण्डलीमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **लाक्पा** र **चिनी माया लामा**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



फागुन २३ गते/मार्च ६ तारिख सोमबार नेइम ललितपुर मण्डलीको सदस्य श्री **प्रमेश श्रेष्ठ** र बाँसबारी मण्डलीकी सदस्य सुश्री **तारा मोक्तान लामा**को हेरिटेज, गार्डेन, पार्टी प्यालेस, सानेपामा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **प्रमेश** र **तारा श्रेष्ठ**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



फागुन २३ गते/मार्च ६ तारिख सोमबार नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री **रमेश राई** र बेथसालोम आँपघारी मण्डली, पाँचखालकी सदस्य सुश्री **रेबिका दनुवार राई** को बेथसालोम आँपघारी मण्डलीमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **रमेश** र **रेबिका राई**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



फागुन २५ गते/मार्च ८ तारिख बुधबार नेइम गोंगबूँ मण्डलीको सदस्य श्री **दिलीप गुरूङ्ग** र एकता मण्डली, छेपेटार, गोरखाको सदस्य सुश्री **गौरी गुरूङ्ग**को एकता मण्डलीमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **दिलीप** र **गौरी गुरूङ्ग**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

### जानकारी

चैत्र ५ गते/मार्च १८ शनिबार नेइम ललितपुर मण्डलीमा ३ जना बाल बालिकाहरूको बाल अर्पण भयो ।



फागुन २६ गते/मार्च ९ तारिख बिहीबार नेइम ज्ञानेश्वर मण्डलीकी सदस्य सुश्री **देबोरा गुरूङ्ग** र हिलसङ्ग चर्च, सिड्नी, अष्ट्रेलियाको सदस्य श्री **आकाश लामा**को हायट होटेलमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **आकाश** र **देबोरा लामा**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



फागुन ३० गते/मार्च १३ तारिख सोमबार नेइम गोंगबूँ मण्डलीकी सदस्य सुश्री **संजिका राना मगर** र गोंगबूँ ब्याप्टिस् चर्चको सदस्य श्री **पावल भुजेल**को नेइम गोंगबूँ मण्डलीमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **पावल** र **संजिका भुजेल**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



चैत्र ७ गते/मार्च २० तारिख सोमबार नेइम गोंगबूँ मण्डलीकी सदस्य सुश्री **सन्ध्या राई** र होप चर्च, दमक, झापाको सदस्य श्री **नगेन्द्र मगर**को नेइम गोंगबूँ मण्डलीमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **नगेन्द** र **सन्ध्या मगर**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## हार्दिक शुभ कामना

सारा संसारका मानव जातिको उद्धारको निम्ति ख्रीष्ट येशू प्रभु क्रूशमा बलि हुनुभई तेस्रो दिनमा पुनरुत्थान हुनुभएको (Easter) साथै नव वर्ष २०७४ सालको सुखद अवसरमा देशभित्र र देशबाहिर हुनुभएका सम्पूर्ण मण्डली परिवारलाई हार्दिक शुभकामन व्यक्त गर्दछौं ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | २० 2<br>देशका सबै मण्डलीका पाष्टर तथा अगुवाहरूको लागि पवित्र आत्माको अगुवाइ, बल, साहस मागिदिऔं ।<br>२ तिमोथी ३:१६, ४:१-५ | २७ 9<br>नेइमअन्तर्गत विभिन्न शाख आवद्ध मण्डलीहरूमा वचनको सेवकाइ गर्नुहुने साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह १०७:९ | ३ 16<br>नेपाल देशका मानिसहरूले प्रभु येशू ख्रीष्ट सत्य र जीवित परमेश्वर हुनुहुन्छ भनेर जान्न र विश्वास गर्न सकून् ।<br>रोमी ४:२५ | १० 23<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाल मण्डलीलाई विश्वास-योग्यताका साथ पवित्र आत्माको सहायतामा सधैं हेरचाह गर्न सकून् ।<br>प्रेरित १३:१-१२ | १७ 30<br>युवा शिविरमा भइरहेको संगतिमा पवित्र आत्माद्वारा जवानहरूको बीच ठूलो जागृति आएको होस् ।<br>भजनसंग्रह १२७:३-५, प्रेरित १:८ |
| **सोमबार**<br>Monday | २१ 3<br>सेवा संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ साथै मण्डलीले वचन ग्रहण गरी पालन गर्नको लागि प्रार्थना गरौं ।<br>भजनसंग्रह ३७:१-११, | २८ 10<br>अधुरो परिवारमा हुनुभएकाहरू सबै अवस्थामा परमेश्वरमा स्थिर रहन सकून् ।<br>भजनसंग्रह १२१:१-८ | ४ 17<br>मण्डलीका सबै सेवक-सेविकाहरू आफ्ना सेवकाइको क्षेत्रमा समर्पित र उदाहरण भएर मण्डलीको हेरचाह गर्न सकून् ।<br>प्रेरित २०:२८-३२ | ११ 24<br>इस्राएल देशका यहूदी जातिहरूको लागि प्रार्थना गरिदिऔं ।<br>आमोस ९:१३-१५ | १८ May 1<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारमा फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू परमेश्वरको प्रेम सम्झेर फर्कि आउन सकून् ।<br>मीका ७:१८-१९ |
| **मंगलबार**<br>Tuesday | २२ 4<br>मण्डलीका सबै विश्वासीहरू सधैं प्रार्थनामा जागा रहनेहरू हुन सकून् ।<br>मर्कूस १४:३२-४१ | २९ 11<br>मण्डलीका सबै विश्वासीहरू सबै परिस्थितिहरूमा स्थिर र अटल रहन पवित्र आत्माले नै सहायता गर्नुभएको होस् ।<br>रोमी ८:३७-३९ | ५ 18<br>मण्डली परिवार सधैं एक आपसमा प्रेम, मेलमिलापमा रही असल साक्षीद्वारा परमेश्वरको महिमा गर्न सकौं ।<br>यूहन्ना १३:३४-३५ | १२ 25<br>परमेश्वरका छोराछोरीहरूलाई जुन बोलावटमा बोलाइएको छ त्यसअनुसार जिउन सकून् ।<br>एफिसी ४:१-६ | १९ 2<br>बप्तिस्मा नलिएकाहरूले प्रभु येशू ख्रीष्टको भएर जिउनको लागि बप्तिस्माको कदम उठाउन सकून् ।<br>२ कोरिन्थी ५:१५ |
| **बुधबार**<br>Wednesday | २३ 5<br>देशलाई अस्वस्थ, कमजोर बनाउने, गरीबीतिर धकेल्ने भ्रष्टाचार, घूसखोरी, चेलीबेटी बेचबिखन, देह व्यापार, लागु पदार्थको अवैध धन्दा अन्धकारका कामको विरुद्धमा प्रार्थना गरौं ।<br>मत्ती १८:१८ | ३० 12<br>अधुरो घर परिवारकाहरू सबै विश्वासमा आउनको लागि पवित्र आत्माले नै उहाँहरूलाई सहायता गरिदिऊन् ।<br>प्रेरित १६:३१-३२ | ६ 19<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएका-हरूको सेवकाइ, परिवार, संगति, मण्डलीको लागि प्रार्थना गरिदिऔं ।<br>यूहन्ना २०:२१-२३ | १३ 26<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथी-हरू र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून् ।<br>१ थेसलोनिकी २:१०-१२ | २० 3<br>झूठा शिक्षा र शिक्षकको भर्माउने कुराबाट होशियारी रहन मण्डलीका सबै सदस्यहरूलाई पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।<br>मत्ती २४:४, २४-२५ |
| **बिहीबार**<br>Thursday | २४ 6<br>प्रभुको नाउँको खातिर दुःख, कष्ट, सतावट, खेदो, निन्दा सहिरहनुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>२ कोरिन्थी १२:८-१० | ३१ 13<br>खेदो सतावटको कारण मण्डली अझै बलियो हुँदै र परमेश्वरको राज्य अझ बढेर जानेछ भनी सबै विश्वासीहरू आँटिलो, साहसिलो हुन सकून ।<br>प्रेरित ८:१-८, ११:१९-२१ | ७ 20<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाइबाट दशांश साथै प्रभुको कामको निम्ति दिने काममा सधैं इमानदार भइरहन सकौं ।<br>२ कोरिन्थी ८:१-७ | १४ 27<br>मण्डलीका पाको उमेरका सबै वृद्ध/वृद्धाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह २३:१-६ | २१ 4<br>मण्डलीका परिवार परिवारमा पारिवारिक वेदी सेलाएर नगएको होस् ।<br>यहोशू २२:१९ |
| **शुक्रबार**<br>Friday | २५ 7<br>आराधना सेवामा सेवा सञ्चालन, वचन प्रचार, स्तुति प्रशंसा र सुमाचार प्रचार गर्नुहुने साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>१ कोरिन्थी १४:२६, १ पत्रुस ४:११ | १ वैशाख 14<br>ख्रीष्टको क्रूसको मृत्यु सारा मानव जातिको पाप क्षमाको लागि हो भन्ने सत्यता संसारले बुझी विश्वास गर्न सकून् ।<br>यूहन्ना १:२९, रोमी १०:९-१३ | ८ 21<br>प्रत्येक शनिबारको सेवामा धेरै भन्दा धेरै मानिसहरूले ख्रीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी ग्रहण गर्न सकून् ।<br>२ कोरिन्थी ६:१-२, तितस २:११ | १५ 28<br>मण्डलीका विश्वासीहरू वचन सुन्ने मात्र होइन तर वचन पालन गर्नेहरू हुन सकून् ।<br>भजनसंग्रह १९:७-११ | २२ 5<br>परमेश्वरको वचनको भोक, तृष्णा हामी सबैमा जागेको होस् जसको फलस्वरूप वचनमा आधारित जीवनमा हामी जिउन सकौं ।<br>मत्ती ५:६, कलस्सी २:६-७ |
| **शनिबार**<br>Saturday | २६ 8<br>मण्डलीको आराधना सेवा, प्रार्थना सभा, घरेलु संगति, आत्मिकी सेवा साथै अन्य सेवा संगतिहरूमा यथाशक्य मण्डलीले भाग लिन सकून् ।<br>भजनसंग्रह २६:२-८, २७:४ | २ 15<br>शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरूद्वारा मण्डली अझै प्रभुमा बढ्दै जान सकून् ।<br>फिलिप्पी ३:१२-१६ | ९ 22<br>सारा विश्वव्यापी मण्डलीहरू संख्यात्मक वृद्धि मात्र होइन तर आत्मिक जागृतिको साथै पवित्रतामा निरन्तर बढ्दै जान सकून् ।<br>२ कोरिन्थी ३:१६-१८ | १६ 29<br>बाल संगतिका बालबालिका-हरू र शिक्षक/ शिक्षिकाहरूको लागि प्रार्थना गरिदिऔं ।<br>मर्कूस १०:१३-१६ | २३ 6<br>मण्डलीलाई प्रशस्त आशिष्मा डोऱ्याउनुहुने साथै आशिष्को कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकौं ।<br>भजनसंग्रह १४७:१-२० |

**तर उनले तिनीहरूलाई भने, "आश्चर्य नमान, तिमीहरू नासरतका येशूलाई खोज्दछौ, जो क्रूसमा टाँगिनुभएको थियो । उहाँ जीवित भई उठ्नुभएको छ । उहाँ यहाँ हुनुहुन्न । उहाँलाई राखेको ठाउँ हेर ।**

**मर्कूस १६:६**


प्रकाशकः नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४८९/४४१२१७२, फ्याक्स नं. ४४११०१४ Email:info@nim.org.np,